विपन्न तथा विपतजन्य जोखिममा परेका नागरिकलाई दिइने सहायतालाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७८

# स्थानीय राजपत्र

राइनास नगरपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि र वडा कार्यालयको सिफारिसको आधारमा बढीमा रु *५,०००।- (पाँच हजार रुपैंया)* सम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा राइनास नगरपालिका भित्र स्थायी बसोवास' नभएको भएपनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ :

१. सामान्य आर्थिक सहयोग

क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी व्यक्ति

ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

घ) अति विपन्न व्यक्तिहरु

ङ) बेखर्ची व्यक्तिहरु

च) प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी जस्ता) तथा बिपत्तिमा परेका व्यक्तिहरु ।

२. विशेष आर्थिक सहायता

राइनास नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन, निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा नगरपालिकाको विपन्न एवम् असाहय कडा रोग सिफारिस समितिको सिफारिसका आधारमा वढीमा *रु १५,०००।- (पन्ध्र हजार रुपैंया)* सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । सो भन्दा माथिको आर्थिक सहायता उपलब्ध गराउनु पर्दा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ख) शरिरको कुनै अङ्ग फेर्नु पर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथा बाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि

नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरुको हकमा स्वास्थ्य शाखाको सिफारिस, उपचार एवं औषधी सेवन सम्बन्धी चिकित्सकको सिफारिस लगायतका व्यहोरा प्रमाणित हुने कागजात र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. *७,०००।- (सात हजार* रुपैया) सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ ।

माथिको सामान्य आर्थिक सहयोग गर्ने अधिकार नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३. दैविप्रकोप तथा विपद्जन्य आर्थिक सहायता :

प्राकृतिक एवं दैवी प्रकोपबाट व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको क्षति हुँदा प्रहरी मुचुल्का, वडाको सिफारिस, फोटो सहित क्षतिको मुल्याङ्कनको आधारमा देहाय बमोजिमका व्यक्ति वा संस्थालाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

क) कनै व्यक्तिको घर बस्न नमिल्ने गरी क्षती भएमा यस कार्यालयको प्राविधिक कर्मचारीको मुल्याङ्कनको आधारमा ह्रास कट्टि समेत गरी १० प्रतिशतले हुन आउने आर्थिक सहायता उपलब्ध गराउने ।

ख) कुनै व्यक्तिको घर गोठ नष्ट र मानिस समेत घाइते भएमा उपचार खर्च एवं क्षतिको मुल्याङ्कनको आधारमा ह्रास कट्टि समेत गरी २० प्रतिशत सम्म उपलब्ध गराउन सकिनेछ ।

ग) कुनै व्यक्तिको घर गोठ नष्ट भई उल्लेख्य रुपमा धनजनको क्षति भइ मानिसको मृत्यु समेत भएमा कार्यपालिकाबाट अनुमोदन गर्ने गरी तत्काल नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले रु. ५०,०००।- (पचास हजार) सम्म उपलब्ध गराउन सक्नेछ । सो को लागि स्थानीय पत्र पत्रिका एवं संचार माध्यममा समाचार प्रकाशित भएको हुनु पर्नेछ ।

घ) सार्वजनिक विद्यालय, स्वास्थ्य चौकी, कम्पाउण्ड वाल, सडक लगायत सार्वजनिक बस्तुको प्राकृतिक विपद्बाट क्षति भएमा प्राविधिक मुल्याङ्कन, वडाको सिफारिस प्रहरीको सर्जमिन मुल्याङ्कनको आधारमा मुल्याङ्कन बमोजिम श्रोतको व्यवस्थालाई समेत ध्यान दिई कार्यपालिकाले निर्माण कार्य गर्ने सम्बन्धी निर्णय गरे बमोजिम हुनेछ ।

४. नगरपालिकाबाट उपलब्ध गराइएका आर्थिक सहायता रकम त्रैमासिक रुपमा Website वा सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

५. यस अघि नगरपालिकाबाट वितरण भएका आर्थिक सहायता समेत यसै अनुसार भएको मानिनेछ ।